# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## लक्ष्मीपुर पतारी गाउँपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. ४३४

मिति: २०७७।३।२६

श्री प्रमुखज्यू,
लक्ष्मीपुर पतारी गाउँपालिका
सिरहा ।


**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७ मिति: २०७७।३।१८
च.नं१३०

श्री प्रमुखज्यू,
लक्ष्मीपुर पतारी गाउँपालिका
सिरहा ।

वषय: लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले लक्ष्मीपुर पतारी गाउँपालिका, सिरहाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ३ करोड ८६ लाख ११ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६१ लाख ९८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने ३० लाख ८४ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ८३ लाख ९२ हजार, पेश्की बाँकी रु.९ लाख ३७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १६ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँपालिका कार्यकारिणी अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# लक्ष्मीपुर पतारी गाउँपालिका, सिरहा

## लेखापरीक्षण प्रतिवेदन

आर्थिक वर्ष : २०७५/०७६

**परिचयः**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न लक्ष्मीपुर पतारी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । लक्ष्मीपुरपतारी गाउँपालिका अर्न्तगत ६ वडा रहेका छन । गाउँपालिकामा २० सभा सदस्य रहेका छन । यो गाउँपालिका २ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिमलक्ष्मीपुर पतारी गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषकोसंक्षिप्तअवस्थानिम्नवमोजिमरहेकोछ ।

| आयविवरण | | | व्ययविवरण | | |
|---|---|---|---|---|---|
| सि०नं० | विवरण | आम्दानी रु | सि०नं० | विवरण | खर्च रु |
| १ | गत आवको वैक मोज्दात | ६०९९२९५९।८१ | १ | गत आवको वजेट फिर्ता | ७७९१९३७।१७ |
| २ | गत आवको अल्या धरौटि खाता | २२४२६४ | २ | | |
| ३ | संघिय वितिय समानिकरण | ९३१०००००।०० | ३ | संघिय वितिय समानिकरण | ९३१६५३७६।७० |
| ४ | संघिय सशर्त अनुदान | ११२७८८०००।०० | ४ | संघिय सशर्त अनुदान | १०३४९६१३१।४६ |
| ५ | प्रदेश वितिय समानिकरण | २७०५०००।०० | ५ | प्रदेश वितिय समानिकरण | ०।०० |
| ६ | प्रदेश सशर्त अनुदान | ५००००००।०० | ६ | प्रदेश सशर्त अनुदान | ४९९८८४७।०० |
| ७ | सा.सु. रकमनिकासा प्राप्त | ४४९७९०००।०० | ७ | सा.सु. रकमनिकासा प्राप्त | ४४१२८४००।०० |
| ८ | संघिय राजश्व वाडफाड वाट प्राप्त | ४८४७४७८३।९४ | ८ | संघिय राजश्व वाडफाड वाट | २७७०४२८४।०३ |
| ९ | प्रदेश राजश्व वाडफाड वाट प्राप्त | २२७९०००।०० | ९ | प्रदेश राजश्व वाडफाड वाट | ०।०० |
| १० | प्रदेश सरकार वितिय हस्तान्तरण वाटप्राप्त | ९००००००।०० | १० | प्रदेश सरकार वितिय हस्तान्तरण वाट | ०।०० |
| ११ | सेवानिवृत कर्मचारीको संचित विदा | ५०२११०।०० | ११ | सेवानिवृत कर्मचारीको संचित विदा | ५०२११०।०० |
| १२ | सेवानिवृत कर्मचारीको औषधि उपचार | ६०२५३२।०० | १२ | सेवानिवृत कर्मचारीको औषधि उपचार | ६०२५३२।०० |
| १३ | प्रदेशतथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०४८७५।०० | १३ | प्रदेशतथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०४८७५।०० |
| १४ | गरिवसंग विशेश्वर कार्यक्रम | ५२०००००।०० | १४ | गरिवसंग विशेश्वर कार्यक्रम | ५२०००००।०० |
| १५ | तराइमधेश समृदि कार्यक्रम | ५००००००।०० | १५ | तराइमधेश समृदि कार्यक्रम | ५००००००।०० |
| १६ | प्रधानमन्त्रिरोजगार कार्यक्रम | २८८४२६८।०० | १६ | प्रधानमन्त्रिरोजगार कार्यक्रम | २८८४२६८।०० |
| १७ | स्थानियपूर्वाधार साझेदारी विकास कार्यक्रम | २५५३३७०।०० | १७ | स्थानियपूर्वाधार साझेदारी विकास कार्यक्रम | २५५३३७०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | प्रकोप व्यवस्थापन कोषमाप्राप्त | | १८ | प्रकोप व्यवस्थापन कोष | ८९२६४१।०० |
| १९ | जिप्रकाबाट प्राप्त | १९७५०००।०० | १९ | जिप्रकाबाट | १९७५०००।०० |
| २० | आन्तरीकरकम प्राप्त | २४३९३४९।५५ | २० | आन्तरीकरकम | ४०९७६२५।०० |
| २१ | धरौटिखातामा आम्दानि | २६७९६४८।०० | २१ | धरौटि खाता | १०३१६५७।०० |
| २२ | सा.सु.फिर्ता रकम प्राप्त | १२७४६००।०० | २२ | वजेटफिर्ता आव ७५।७६ | ११४३७१२६।५४ |
| २३ | अन्यआम्दानि | १६९६१२५।०० | २३ | वैकमौज्दात | ८९२३७०३७।९२ |
| | | | २४ | एनसिसिवैकमा चेक साट्न वाकी (-) | ३३६६००।०० |
| | | | २५ | दायित्ववाकि (-) | ११७३३।५२ |
| | कुल जम्मा | ४०६६५४८८५।३० | | कुल जम्मा | ४०६६५४८८५।३० |

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **वजेट पेश र पारित गर्ने** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा उपाध्यक्ष, उपप्रमुख, वा कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ ।सभामा पेश हुने वार्षिक राजश्व र व्ययमा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्त्यसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको विवरण खुलाउनु पर्ने उल्लेख छ । सभामा पेश भएको वजेट माथि कार्यतालिका बनाई १५ दिन भित्र छलफलको काम सम्पन्न गरी सक्नुपर्ने र छलफल सम्पन्न भएपछि पेश भएको वजेट असार मसान्त भित्र सभाले पारित गरी सक्नुपर्ने व्यवस्था छ । सभाले कार्यतालिका बनाई छलफल नगरी मिति २०७५।०३।२५ मा गाउँसभाको वैठकले २०७५।७६ को रु. २५२४०५०००।०० आय-व्यय खर्च गर्ने स्वीकृत गरी पारित गर्ने निर्णय गरेको देखियो । कार्यपालिकाले तोकिएको समयमा आय-व्ययमा खुलाउनु पर्ने विवरण खुलाई सभामा वजेट पेश नगर्ने र सभाले कार्यतालिका बनाई छलफल गरेर वजेट पारित नगरी एक दिनको वैठक बसी वजेट पारित गर्दा आय व्ययको यथार्थता हुन सक्दैन । आय व्ययको यथार्थ अनुमानको लागि ऐनमा भएका व्यवस्थाहरुको पूर्णरुपमा कार्यान्वयन गरी आय व्ययको अनुमान पेश गरी पारित हुनुपर्दछ । | |
| २. | **आय-व्यय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा आय-व्ययको बजेट कार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गर्ने र सभाले असार मसान्त भित्र पारित गर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७५/०७६ को लागी सभाबाट रु. २५. करोड २४ लाख ०५ हजारको आय-व्ययको बजेट पारित भएकोमा गाउँपालिकाबाट पेश भएको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत आय-व्यय विवरणबाट रु. ४० करोड ६६ लाख ५५ हजारको को आय-व्ययको आर्थिक कारोबार भएको देखिएकोले सभाबाट पारित बजेट भन्दा रु. १५ करोड ४२ लाख ५० हजार बढी देखियो । सभाबाट पारित बजेट भन्दा वढीको आय-व्ययको कारोबार हुँदा बजेट अनुमान यथार्थ परक हुन नसकेको र सभाबाट पारित वजेटको सिमा नाघेको छ । बार्षिक आय-व्ययको वजेट अनुमान तयार गर्दा यथार्थ परक हुनु पर्ने र सभाबाट स्वीकृत बजेट भन्दा वढी भएको रकमको सभाबाट अनुमोदन हुनुपर्दछ । | |
| ३. | **वजेट निकासा-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा खर्चको अख्तियारी पठाउनु पर्ने र रकम निकासा गर्ने व्यवस्था छ । प्रदेश सरकारबाट प्राप्त अनुदान रकमको खर्चको अख्तियारी नभएको, रकम निकासा आदेश प्राप्त नभएको, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा खर्च भिडान भएको आर्थिक विवरण नभएको तथा खर्च गर्ने अख्तियारी निकासा आदेश निकासा खर्च भिडान तथा निकासा खर्च एकीन गर्ने कार्य एवं खर्च गर्ने आधार स्पष्ट हुदैन । गाउँपालिकालाई रकम प्राप्त हुँदा खर्च गर्ने अख्तियारी सहित निकासा प्राप्त हुनुपर्ने र निकासा गर्ने सम्बन्धित निकायले निकासा खर्च भिडान भएको आर्थिक विवरण र कारोबारलाई पारदर्शी र दुरुस्त वनाउनु पर्दछ । विवरण निम्न अनुसार छ ।<br>सि.नं. \| अनुदान शिर्षक \| रकम रु. | |

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान | ११७०५०००.०० |
| २ | सर्शत अनुदान | ५००००००.०० |
| **जम्मा** | | **१६७०५०००.००** |

| | | |
|---|---|---|
| ४. | **बैंक हिसाव मिलान-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । महालेखा परीक्षकबाट स्वीकृत म.ले.प. फाराम बैंक हिसाव मिलान विवरण तयार गरेको देखिएन । बैंक हिसाव मिलान विवरण तयार नगरेबाट श्रेस्ताबाट देखिएको मौज्दात रकमको वास्तविक बैंक मौज्दात रकम भिडान हुदैन । आर्थिक वर्षको अन्त्यमा श्रेस्ताबाट रु. ८९२३७०३७९२ मौज्दात देखिएकोमा बैंक स्टेटमेन्टबाट बर्षान्तमा रु. १६३४०२११९।०२ देखिएबाट रु. ७४१६५०८१।१० फरक परेको रकमको एकीन गरी हिसाव मिलान हुनुपर्दछ । | |
| ५. | **सञ्चित कोष फिर्ता-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा कार्यालयले तोकिएको समयमा खाता वन्द गरी वर्षान्तमा खर्च खातामा मौज्दात बाकी रहेको रकम सञ्चित कोष खातामा फिर्ता गर्नु पर्ने व्यवस्था छ । कार्यालयले तोकिएको समयमा खर्च खाताहरु वन्द नगरी स्थानीय सञ्चितकोष खाताबाट आर्थिक वर्ष २०७५/०७६ को लागि पूँजिगत खर्च खातामा बाँकी रहेको रु. ४४५४९२१९।९३ र चालु खर्चखातामा खर्च भई बाँकी रहेको रु.९०१८९३७७२ समेत रु. ५३५६८१५७६५ लेखापरीक्षणको समय मिति २०७६।०९।१० सम्म स्थानीय सञ्चित कोष खातामा फिर्ता गरेको नदेखिएकोले समयमा खाता वन्द नगरी पछिल्लो आर्थिक वर्षमा समेत कारोबार भएको देखिन्छ । समयमा खाता वन्द नगरी अर्को वर्षमा समेत कारोबार भईरहदा आर्थिक कारोबारको यथार्थता एकीन हुन नसक्ने देखिन्छ । नियममा व्यवस्था भए अनुसार समयमा खाता वन्द गरी मौज्दात बाँकी रकम आर्थिक वर्षको अन्त्यमा सम्बन्धित कोषमा फिर्ता हुनु पर्दछ । | |
| ६. | **आय व्यय विवरण सार्वजनिक नगरेको** :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मासिक आय र व्ययको यथार्थ एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ । | |
| ७. | **खर्च नभएको रकम फिर्ता नभएको** :- अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७५।७६ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनको दफा ७ मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । सशर्त अनुदान तल उल्लेखित कार्यक्रमको लागि आएको बजेट वर्षान्तमा खर्च भएको जनाई आन्तिरिक कोषमा जम्मा गरेको रकम रु.११४३७१२६.५४संघीय संचित कोषमा मिति २०७६।०४।२६ मा दाखिला भएकोले समयमा दाखिला हुनुपर्दछ । | |

| **कार्यक्रमको नाम** | **रकम रु.** |
|---|---|
| सर्शत अनुदान संघ | ९३१०७७३.५४ |
| सामाजिब सुरक्षा | २१२५२००.०० |
| सर्शत अनुदान प्रदेश | ११५३.०० |
| **जम्मा** | **११४३७१२६.५४** |

| | | |
|---|---|---|
| ८. | **कार्ययोजना नभएको**:- स्थानीय तहमा बजेट तर्जमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धि निर्देशिका २०७४ को वुदा २.९ मा गाँउसभा बाट स्वीकृत वजेटको प्रभावकारी कार्यान्वयनको लागी समयसिमा सहितको कार्य योजना वनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँसभाबाट स्वीकृत वजेट रु. २५२४०५०००।०० को समय सिमा सहितको कार्ययोजना वनाएको देखिएन । स्वीकृत वजेटको समय सिमा सहतिको कार्ययोजना नवनाउदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्दछ । स्वीकृत बजेट कार्यन्वयनलाई प्रभावकारी वनाउन समय सिमा सहितको कार्ययोजना वनाई वजेट कार्यन्वयन हुनु पर्दछ । | |
| ९. | **स-साना योजना छनौट** :- स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ७१ मा योजना तथा कार्यक्रम सहितको आय व्ययको बजेट सभाले पारित गर्ने व्यवस्था छ । गाँउसभाले पारित गरेका योजना तथा | |

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

कार्यक्रमहरु साना र धेरै योजनाहरु छनौट भई कार्यान्वयन भएको देखिन्छ । यसरी स-सना योजनाहरु छनोट हुँदा बढी प्रतिफल दिन नसक्ने, दिगो योजनाहरु कार्यान्वयन नहुने, प्रभावकारी अनुगमन नहुने प्रशासनिक खर्च बढी हुने तथा दिगो तथा गुणस्तरीय विकासमा वाधा पुग्ने र समग्र योजना कार्यान्वयनमा समेत समस्या हुने देखिन्छ । गाँउपालिकाले योजना छनोट गर्दा उत्पादन र उत्पादक्त्व बढ्ने तथा आम नागरिकको जिवनस्तर माथि उकास्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ । गाँउपालिकाले धेरै प्रतिफल दिनसक्ने ठुला योजनाहरु छनौट गरी योजनाको दिगोपनामा जोड दिई धेरै स-साना योजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यस वर्ष गाउँपालिकाले सञ्चालन गरेका टुक्रे योजनाको विवरण निम्न छन ।

| योजना | संख्या | खर्च रकम रु. |
|---|---|---|
| रु ५ लाख भन्दा कमका योजना | १६३ | ३३६२७०००.०० |
| रु ५ लाख भन्दा माथि रु १० लाख सम्मका योजना | २६ | २०१४८०००.०० |
| रु १० लाख भन्दा माथिका योजना | १६ | ४००००००० .०० |

**१०.** **आन्तरिक लेखापरीक्षण :-** आर्थिक कार्यविधि नियमावली, ०६४ को नियम ९६ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा विनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण अन्तिम लेखापरीक्षणको समयमा भएको छ । चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा ढिला गरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र आर्थिक कारोवारमा रहेका कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई समेत समय र लागत बढी लाग्न जाने हुन्छ । अतः ऐन नियमको व्यवस्था अनुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउन ध्यान दिनु पर्दछ ।

**११.** **योजना वनाई कार्यान्वयन गर्नेः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस्तो योजना वनाएको देखिएन । योजना नवन्दा योजनावद्ध विकास निर्माणका कार्यहरु कार्यान्वयन नहुने देखिन्छ । तोकिएका योजनाहरु वनाई योजनावद्ध कार्यान्वयन गरिनु पर्दछ ।

**१२.** **चौमासिक पूँजीगत खर्च :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजिगत तर्फ कुल खर्च रु. ९ करोड ३१ लाख ६५ हजार रहेकोमा प्रथम चौमासिकमा सुन्य, दोश्रो चौमासिकमा ४२ लाख ९३ हजार (४.६१ प्रतिशत) र तेश्रो चौमासिकमा ८ करोड ८८. लाख ७३ हजार (९५.३९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्रै ७ करोड ५३ लाख ३० हजार (८०.८६ प्रतिशत) खर्च भएकोले आषाढमा आएर खर्चको चाप वढेको कारण सनतुलित खर्च व्यवस्थापन भएको देखिएन ।

**१३.** **आन्तरीक नियन्त्रण प्रणालीः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । आन्तरिक नियन्त्रण प्रणाली बनाई नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

**१४.** **राजश्व अभिलेख :-** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाँउपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | राखेको छैन । राजश्व आम्दानीको दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट गाँउपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । गाँउपालिका तथा वडा कार्यालयहरुबाट प्राप्त हुने राजश्वको दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारीश बापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो बैकं दाखिलालाई आधार लिई हिसाब यकिन नगरी गाँउपालिकाले आम्दानी जनाएको रु. २४३९३४९.५५ यथार्थपरक देखिएन । आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम यकिन हुनु पर्दछ । | |
| १५. | **रसिद नियन्त्रण खाता :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । गाँउपालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनु पर्दछ । | |
| १६. | **स्थानीय तथ्यांक र अभिलेख :-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । गाँउपालिकाको GIS Mapping, Road Inventory प्रोफाईलिङ्गको सम्पूर्ण कार्य पुरा भएको देखिएन । सवै क्षेत्रको तथ्यांक संकलन गरी अभिलेखीकरण गर्न आवश्यक देखिन्छ । | |
| १७. | **न्यायीक समिति :-** गाउंपालिका उपाध्यक्षको संयोजकत्वमा गाउँसभाले तोकेको ३ सदस्य समेतको समिति गठन गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम पर्न आएका निवेदनको निर्धारित समयमा कारवाही प्रक्रिया पुरा गरी न्यायीक समितिले अपनाउने निर्णय तथा कारवाही टुङ्गो लगाउनु पर्ने देखिन्छ । न्यायीक समितिले तोकिए बमोजिम न्यायिक निरुपण गरी मुद्दा फछ्र्यौटमा सक्रियता ल्याउनु पर्दछ । | |
| १८. | **अभिलेख अद्यावधिक:-**स्थानिय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउ सभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउ सभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ, स्वीकृत मध्ये कुन–कुन कार्य भए र कुन-कुन कार्य हुन सकेन र गाँउसभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा आवश्यक छानविन गरी यथार्थता यकिन गरिनु पर्दछ । | |
| १९. | **शिर्षकगत आर्थिक विवरण :-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५) मा स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सन्चित कोषको शीर्षकगत विवरण तयार गरेको देखिएन । शीर्षकगत विवरण तयार नगरेबाट शीर्षकगत आय व्ययको यथार्थता एकीन हुन नसक्ने देखियो । स्थानीय सञ्चित कोषको आय व्यय हिसावको यथार्थताको लागी शीर्षकगत देखिने गरी अभिलेख राखी चौमासिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्दछ । | |
| २०. | **आन्तरिक आय :** गाँउपालिकाले पेश गरेको आय व्यय विवरणमा आन्तरिक राजस्वमा जम्मा रु. | |

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | २४३९३४९.५५ आम्दानी भएको देखाएको छ । जुन गत वर्ष भन्दा २८.८९ प्रतिशतले बढी हो । गाउँपालिकाले आन्तरिक आय प्रक्षेपण गरेको छैन । त्यस्तै आन्तरिक आम्दानीको स्रोत पहिचान नगर्नुका साथै भएका स्रोतहरुबाट के कति राजस्व संकलन गर्न सकिन्छ भनि त्यसको विश्लेषण समेत गरेको छैन । यसरी गाउँपालिका क्षेत्रको विकास गर्न आफ्नै आन्तरिक श्रोतलाई परिचालन गरी संघीय सरकार र प्रदेश सरकारको अनुदानमा कमी ल्याउन समेत आन्तरिक आम्दानीको स्रोत पहिचान गरी आन्तरिक आम्दानी मजबुत बनाउनु पर्दछ । | |
| २१. | **तलवी प्रतिबेदन** :- स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलव खर्च लेख्नु पर्नेमा कार्यालयले कर्मचारीको तलव रु. २५१९१५६८.९७ खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित गरेको छैन । तलवि प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्दछ । | |
| २२. | **जिन्सी सम्पत्ती**:- आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षाण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ति संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । गाउँपालिकाले साविकका गाविसहरुको सम्पत्ति एकिकृत गरी जिन्सी आम्दानी बाधेको छैन । जिन्सी आम्दानी एकिकृत गर्नु पर्दछ । | |
| २३. | **विद्युतिय लेखा** :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई गाउँपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले सफ्टवयरको प्रयोग नगरी म्यानुअल प्रणालीमा लेखा राखेको छ। यस तर्फ तत्काल सुधार गर्नु पर्दछ। | |
| २४. | **सार्वजनिक परिक्षण**:- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सार्वजनिक सुनुवाई गरी सेवाग्राहिले उपस्थिति जनाएको माईन्यूट गरेता पनि सार्बजनिक परीक्षण गरी सेवा प्रवाहमा सुधार गरेको छैन । | |
| २५. | **प्रगति विवरण**:- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (३) मा गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । गाउँपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ । | |
| २६. | **बरबुझारथ** :- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका विकास समिति तथा गा.वि.स.को नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | |
| २७. | **स्थानीय तहका पदाधिकारी सुविधा**:- नेपालको संविधानको धारा २२७ मा गांउसभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार २ नं. प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार लक्ष्मीपुर पतारी गाउँपालिकाले देहाय बमोजिम यस वर्ष रु. ८३५८००० सुविधा वापत भुक्तानी गरेको छ । | |

| सि. नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य २० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|

<table>
<tr><th>.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१</td><td>मासिक सुविधा</td><td>३०५००</td><td>२७५००</td><td>२००००</td><td>२००००</td><td>६०००</td><td>गत वर्ष र यस वर्षको:- ८३५८०००</td></tr>
<tr><td colspan="2">कुल जम्मा (गत वर्ष र यस वर्ष)</td><td colspan="5"></td><td>८३५८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८.</td><td>कामको नापजांच र नापी किताव:- स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा स्थानिय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विकास योजना तथा कार्यक्रममा भएको कामको तोकिएको प्राविधिकबाट तोकिए बमोजिम नापजांच र प्राविधिक पुष्याई गर्नुपर्ने प्रावधानहरु रहेको छ । कार्यालयले योजना तथा कार्यक्रममा भएको कामको नांपजाच र जांचपास गर्दा केहि योजना तथा कार्यक्रमहरुमा लुज सिटको पानामा नापजांच गरी प्रविष्टि गरेको छ भने केहि योजना तथा कार्यक्रमको हार्डकपि नापी कितावमा योजना वा कार्यक्रम पिच्छे छुट्टा छुट्टै प्रविष्टि गर्ने गरेको छ । लुज सिटमा प्रविष्टि गर्दा कुनैमा Measurement sheet, कुनैमा Detail measurement sheet, कुनैमा Cost valuationवा खर्च बिबरण आदि उल्लेख गरी प्रविष्टि गरेको छ । यस प्रकार गरेको नापजांचको अभिलेख अद्यावधिक गरी नराखेको तथा र रनिङविलहरु  तथा कार्य सम्पन्न प्रतिवेदन पनि तोकीएको ढाँचामा राखेको छैन जसले गर्दा अघिल्लो विलको कामको परिमाण र रकम नखुल्ने दाहोरो भुक्तानी हुन सक्ने अवस्था रहन्छ । त्यसैगरी कतिपय योजनाहरुमा नापजांच गर्दा कुनै आइटममा कार्य परिमाण उल्लेख गरेको छ भने कुनै आइटममा कार्यको परिमाण उल्लेख नगरी सो कार्यको लागी खरिद वा आपूर्ति भएका मालसमानको विवरण र सोको खपत परिमाण उल्लेख गर्ने गरेको देखियो । यसबाट योजनामा वास्तविक भएको कार्य र सोको परिमाण खुल्न सकेन । यसमा यथार्थता यकिन गरी तत्काल सुधार गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>व्यवसाय कर :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखी सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाउँपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउँपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>सवारी कर :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए वमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>पोखरी ठेक्काको आम्दानी :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले ५३ वटा पोखरीबाट रु. ३०७४०००।०० आम्दानी गर्ने लक्ष्य रहेकोमा २० वटा ठेक्काबाट रु. १२४६६८९।०० आम्दानी देखिएकोमा ३३ वटा ठेक्काबाट आम्दानी भएको देखिएन । सबै पोखरीबाट आम्दानी नहुँदा लक्ष्य अनुसार असुली हुन सकेको छैन । सबै पोखरीहरु ठेक्का लगाई आम्दानी हुनुपर्दछ । पोखरीगत ठेक्काको अभिलेख राखी असुली हुनुपर्ने रकम र असुली भएको रकम एकीन गरी समयमा दाखिला हुनुपर्ने सबै रकम दाखिला गराउनु   पर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>विपद व्यवस्थापन कोष : स्थानीय सञ्चित कोषबाट चालु खर्च खाता र पूजिँगत खर्च खातामा रकम ट्रान्सफर गरेर खर्च गर्नुपर्ने व्यवस्था छ । विपद व्यवस्थापन कोषको लागि स्थानीय सञ्चित कोषबाट सोझै रु. १००००००।०० ट्रान्सफर गरेको देखियो । गत वर्षको आम्दानी समेत १३०१४२०।३२ मध्ये रु. ८९२६४१।०० खर्च भई रु. ४०८७७९।३२ कोषमा बाँकी रहेको देखिएकोमा सोझै संचित कोषबाट रकम ट्रान्सफर नगरी खर्च खाताबाट खर्च हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **शिक्षा तर्फ :** | |
| ३३. | गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको विवरण गाउँपालिका शिक्षा शाखाले तयार गरी राख्नु पर्नेमा उक्त शाखाले विद्यालयहरुको शिक्षक दरवन्दी विवरण विद्यालयका शिक्षकको नियुक्ति सरुवा, वढुवा र अवकाशको विवरण तथा विद्यार्थी संख्याको विवरण खुलाउने प्रमाणित कागजात उपलब्ध नगराएकाले विद्यालयलाई दिएको निकाशाको सम्बन्धमा विश्वस्त हुन सकिएन । गाउँपालिकाले आफु अन्तर्गत रहेका विद्यालयहरुको तथ्याङ्क अध्यावधिक गरी यथार्थ प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ३४. | **अवकाश शिक्षकको भुक्तानी** :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (८) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तल उल्लेखित विद्यालयहरुलाई त्रैमासिक तलव निकासा दिदाँ अवकाश शिक्षकलाई समेत तेस्रो चौमासिककै पुरै रकम रु. १९३३६०।०० भुक्तानी गरेको देखिएकाले माग गर्ने, सिफारिस गर्ने तथा भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असुल हुनुपर्दछ । | १९३३६०.०० |

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | अवकास मिति | बढी भुक्तानी रकम (चैत्र, वैसाख, जेष्ठ र असार) |
|---|---|---|---|---|
| १ | रा.म.या.ज.उ. मा.वि. सितापुर | शत्रुधन यादव | २०७५/१२/०१ | ९६६८०.०० |
| २ | रा.म.या.ज.उ. मा.वि. सितापुर | मन्जु यादव | २०७५/१२/०१ | ९६६८०.०० |
| **जम्मा** | | | | १९३३६०.०० |

| | | |
|---|---|---|
| ३४.१ | गो.भौ.नं. ७२ मिति २०७६।०३।२४ मा रामा महन्थी यादव मा.वि. सितापुर (प्र.ध.)लाई विज्ञान प्रयोगशाला व्यवस्थापन गर्न सामाग्री खरिद गर्न भनि रु. ६५००००।०० भुक्तानी दिइएकोमा उक्त भुक्तानी साथ खरिद आदेश, विल भरपाई, जिन्सी दाखिला प्रतिवेदन पेश नभएकोले जिन्सी आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ । | ६५००००.०० |
| ३५. | गो.भौ.नं. ६३ मिति २०७६।०३।१५ ३ वटा फर्मबाट दररेट लिएर जयमातादी सप्लायर्सबाट चार थान सोलार सेट खरिद तथा जडान गरेकोमा उक्त सोलार खरिद गर्न दररेट लिदाँ प्राविधिक स्पेसिफिकेशन नखुलाउँदा के कति क्षमताको सोलारलाई कति मुल्य कोड गरेको हो सो स्पष्ट नदेखिदा तोकिएको स्ट्याण्डर्ड तथा गुणस्तरीय वस्तु प्राप्त नहुन सक्छ । त्यसैले लागत अनुमान तयार गरी दररेट माग्दा स्पष्ट प्राविधिक स्पेसिफिकेशन खुलाउनु पर्दछ । | ४७२९९९.०० |
| ३६. | **वढी भुक्तानी** :-९४।२०६५।३।२६ अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७३ को ७.१.१ को वुंदा नं.४ अनुसार तालिम केन्द्रहरु वाहेक अन्य निकायहरुवाट संचालित सवै प्रकारका तालिमका स्रोत व्यक्तिलाई सहायक स्तरको तालिमको हकमा कक्षा संचालन वापत प्रति सेसनको रु.७००।– का दरले र कार्यापत्र वापत रु.८००।– का दरले भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै सोही निकायको आन्तरिक स्रोत व्यत्तिलाई कार्यपत्रको मात्रै रकम भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले कृषक पाठशाला कार्यक्रम संचालन गर्दा नर्म्स भन्दा बढी दरले बढी भुक्तानी भएको देखिएकाले रु. २८००।०० सम्वन्धितबाट असुल हुनु पर्दछ । | २८००.०० |

| स्रोत व्यक्तिको पद/नाम/ थर | दर | कक्षा संख्या/कार्यपत्र | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| रविन्द्र कुमार महत | | १ | ८०० | १५०० | ७०० |
| चन्दैविर यादव | | १ | ८०० | १५०० | ७०० |
| रामजतन ठाकुर | | २ | ८०० | ३००० | १४०० |
| **जम्मा** | | | | | २८०० |

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३६.१ | एक दिने कृषक पाठशाला कार्यक्रमको लागि एउटा मात्रै व्यानरको प्रयोग गरे पुग्नेमा ३ वटा व्यानर प्रायेग गरेको भनि रु. ५५००।०० खर्च लेखेको छ । एउटा कार्यक्रम संचालन गर्दा तिनवटा व्यानर प्रयोग गर्नुको औचित्य नदेखिएकाले २ वटा व्यानरको रु. ३६६७।०० असुल हुनुपर्दछ । | ३६६७.०० |
| ३७. | **कर समयमा दाखिला नगरेको :** आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानीमा कट्टा गरेको विभिन्न कर समयमा दाखिला नगरी एकमुष्ट रकम रु ३४५७२६९।०० मिति २०७६।०४।२९ मा दाखिला गरेको देखियो । ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन नगरेको र समयमा दाखिला गर्नेतर्फ ध्यान नदिएको कारणले समयमा दाखिला नभएको हुनसक्ने देखियो । समयमा दाखिला नहुदा आर्थिक कारोवारको लेखा अद्यावधिक नहूने र राजश्व आम्दानी दाखिला ढिला हुने देखियो । ऐनमा व्यवस्था भएअनुसार भूक्तानीमा कट्टी गरिएको अग्रिम कर समयमा दाखिला गरी लेखा दुरुस्त हुनुपर्दछ । | |
| ३८. | **उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने भएमा कार्य गराउन सकिने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा स्थायी लेखा नम्वर लिएको हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने आधार सुनिश्चित नगरी र स्थायी लेखा नम्वर समेत नलिएका उपभोक्ता समिति मार्फत कार्य गराएको देखियो । बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धा गराएर कार्य गराउने तर्फ ध्यान नदिएको र उपभोक्ता समिति आफैले कार्य गर्नुपर्ने माग भएको कारणले कार्य गराएको देखिन्छ । प्रतिस्पर्धा नभई सोझै उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता र दिगोपनामा असर पर्दछ । उपभोक्ता समिति मार्फत गराउने कार्यको मितव्ययिता, गुणस्तरियता र दिगोपनामा अभिवृद्धि हुने आधार सुनिश्चित गरेर र स्थायी लेखा नम्वर लिएका उपभोक्ता समिति मार्फत मात्र कार्य हुनु पर्दछ । उपभोक्ता समितिबाट कार्य गराएका केही उदाहरण निम्नानुसार छन । | |

| गो.भौ.नं. | उपभोक्ता समितिको नाम | कार्य गरेको रकम | भुक्तानी रकम |
|---|---|---|---|
| ३/२०७६/३/२४ | वजार पोखरी निर्माण हरार वजार पूर्वाधार निर्माण उ.स. | ५८६९७२२.९८ | ५२८२७५१.०० |
| ११६/२०७६/३/२३ | रामपुर वजार क्षेत्रमा सडक ढलान उ.स. | १६९३३८८.२३ | १२९९६४३.०० |
| १८१/२०७६/३/२५ | रामजानकी मन्दिर पिप्राको कम्पाउण्ड मर्मत संभार उ.स. | १४८९७७६.६० | ८९८८२५.०० |
| १०१/२०७६/३/१६ | वाल र घाट निर्माण योजना उ.स. | १३१०६०४.७५ | १२४५०७४.०० |
| १०२/२०७६/३/१६ | अधुरो नाला निर्माण योजना उ.स. | १४७९०६३.२५ | १४०५११०.०० |
| १२५/२०७६/३/२४ | कृषि सडक निर्माण व्रम्हपुर लभिपुरको दानर उ.स. | ११८५६१४.४० | ९४९५२५.०० |
| २५०/२०७६/३/२६ | कृषि विद्युतिकरण उ.स. | २६५६५५२.५३ | २४९०१७२.०० |
| १९६/२०७६/३/२५ | वडा कार्यालय एवं मा.वि. खरुकियाहा पूर्व टहरा निर्माण उ.स. | १६२७१४६.१९ | १५०००००.०० |
| १७४/२०७६/३/२५ | धन्जन मा.वि. भवन निर्माण उ.स. | २२९९७७५.०४ | १९३९८७३.७० |
| १४०/२०७६/३/२५ | वैशखा सिमाना देखि पोखरभिण्डा सम्म ह्युमपाइप जडान उ.स. | १८०७६५४.१६ | १४९९४४९.०० |

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २०२/२०७६/३/२५ | महेशपुर देखि पर्सा जोड्ने सडक माटो तथा ग्राभेल कार्य उ.स. | १६३९६३२.३८ | १४७५६६९.०० |
| २०९/२०७६/३/२५ | पोखरभिण्डा धन्छवार खरुकिहायी डोमा पोखरी सम्म ग्राभेल उ.स. | २०३३७६५.५६ | १८७३५७९.०० |
| २२१/२०७६/३/२५ | ध.मा.वि. पोखरीको रिटेनिङ वाल तथा घाट निर्माण उ.स. | ४३०३५६०.४० | ४१८०५६०.४७ |

| | | |
|---|---|---|
| ३९. | **उपभोक्ता समितिले गरेको खरिद :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिवाट निर्माण वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपन अभिवृदि हुने भएमा वा परियोजनाको उदेश्य रोजगारी सृजना गर्ने भएमा कार्य गराउन सकिने व्यवस्था छ । उपभोक्ता समितिवाट गराइएको निम्न कार्यहरुको फर्म/कम्पनीहरुबाट खरीद विलको समेत भुक्तानी भएको देखिएकोले नियमानुसार देखिएन ।उपभोक्ता समिति मार्फत फर्म/कम्पनिवाट खरीद भएको कार्यको भुक्तानी हुँदा ऐन नियमको प्रकिया पुरा गरी खरीद कार्य नहुने ,प्रतिस्पर्धा नहुने तथा गुणस्तरको समेत परिक्षण नहुने, खरीद कार्य मितव्ययी समेत नहुने हुँदा । ऐन नियममा भएको व्यवस्था विपरित उपभोक्ता समितिवाट गरिएको खरिद नियम संगत नदेखिएको रु.... | २६१३०५९४.८ |

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | कार्य सम्पन्न रकम | खरिद गरेको फर्म/कम्पनिको नाम | खरिद रकम |
|---|---|---|---|---|
| ३/२०७६/३/२४ | वजार पोखरी निर्माण रहार वजार पूर्वाधार निर्माण उ.स. | ५८६९७२२.९८ | चाँदनी ट्रेडर्स एण्ड हार्डवेयर/अन्य | ४७५९२९६.०० |
| ५८/२०७६/२/३१ | मनरुप कुमर पोखरी रिटेनिङ वाल निर्माण उ.स. | ८०००००.०० | सन ईटा उद्योग/अन्य | ३५८८०३.२५ |
| ८९/२०७६/३/१२ | वालकी गाँछी देखि वरगाँछी हुँदै निमाहा सडक उ.स. | ७५८०१६.०० | वेलकम इटा उद्योग | ५८३२१५.६० |
| १७७/२०७६/३/२५ | वडा कार्यालयको सभाहल निर्माण उ.स. | ८३१६९४.४१ | सन ईटा उद्योग/अन्य | ६१६३३८.६३ |
| ११६/२०७६/३/२३ | रामपुर वजार क्षेत्रमा सडक ढलान उ.स. | १६९३३८८.६३ | माँ भगवती ट्रेडर्स एण्ड सप्लायर्स/अन्य | १५४१९३६.८३ |
| १८१/२०७६/३/२५ | रामजानकी मन्दिर पिप्राको कम्पाउण्ड मर्मत उ.स. | १४८९७७६.६० | माँ भगवती ट्रेडर्स एण्ड सप्लायर्स/अन्य | ८३८७३२.३६ |
| १९७/२०७६/३/२५ | आधारभुत विद्यालय रामपुर २ कोठे भवन निर्माण उ.स. | ८३५९६६.९५ | गरिमा हार्डवेयर/अन्य | ५८८००७.४६ |
| १०१/२०७६/३/१६ | वाल र घाट निर्माण उ.स. | १३१०६०४.७५ | लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स/अन्य | ८५५२६६.३२ |
| १०२/२०७६/३/१६ | अधुरो नाला निर्माण योजना उ.स. | १४७९०६३.२५ | नमस्ते ईटा उद्योग/जय दुर्गा | ९३९३६९.५० |
| १२५/२०७६/३२४ | कृषि सडक निर्माण वम्हपुरदेखि विचला बाँधसम्म | ११८५६१४.४० | जयमाँ दुर्गा कन्स्ट्रक्सन | ८१५८६०.०० |
| २५०/२०७६/३/२६ | कृषि विद्युतिकरण उ.स. | २६५६५५२.५३ | नमासी सप्लायर्स/अन्य | २४०३०९१.४९ |
| १९६/२०७६/३/२५ | वडा कार्यालय एवं मा.वि. खरुकियाहा टहरा निर्माण उ.स. | १६२७१४६.१९ | जय माँ दुर्गा ईटा उद्योग / अन्य | १३५४१८८.२० |
| ६७/२०७६/३/२ | कल्याणपुर गाउँको मुल सडक तथा | ७५९४६४.३ | माँ दुर्गा कन्स्ट्रक्सन | ८३७६१०.०० |

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | शाखा सडक निर्माण उ.स. | ३ | | |
| १७४/२०७६/३/२५ | धन्जन मा.वि. भवन निर्माण उ.स. | २२९९७७५.०४ | सागर इन्टर प्राइजेज/अन्य | १७९०६५९.७७ |
| १४०/२०७६/३/२५ | वैशाखा सिमाना देखि पोखरभिण्डा सम्म ह्युम पाइप जडान उ.स. | १८०७६५४.१६ | देवनारायण निर्माण सेवा/हिमालयन | १४११४८३.०० |
| २०२/२०७६/३/२५ | महेशपुर देखि पर्सा जोड्ने सडक ग्राभेल कार्य उ.स. | १६३९६३२.३८ | वजरंग कन्स्ट्रक्सन/अन्य | १५३७१२०.६० |
| २०९/२०७६/३/२५ | पोखरभिण्डा धन्छवार डोमा पोखरी सम्म ग्राभेल उ.स. | २०३३७६५.५६ | एस.एच.ए. निर्माण सेवा/अन्य | १२४३४१९.९९ |
| २२१/२०७६/३/२५ | ध.मा.वि. पोखरीको रिटेनिङ वाल तथा घाट निर्माण उ.स. | ४३०३५६०.४७ | गोपाल कन्स्ट्रक्सन/अन्य | ३६५६१९५.८० |
| **जम्मा** | | | | २६१३०५९४.८ |

**समाजिक सुरक्षा भत्ता तर्फ**

४०. **सामाजिक सुरक्षा भत्ता वितरण** : सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ मा स्थानिय तहले दफा १६ बमोजिमको परिचयपत्रको आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८ मा वितरण गरिएको समाजिक सुरक्षाको अभिलेख तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले ६ वटा वडा मार्फत जम्मा रु.४४१२८४००.०० वितरण गरेकोमा लेखापरीक्षण योजनाले निर्दिष्ट गरे बमोजिम निकासाको आधारमा पहिलो धेरै निकाशा हुने वडा नं. ६, ४ र सबैभन्दा कम निकाशा हुने २ नं. वडा छनौट गरी भरपाइंका आधारमा परीक्षण गरिएको छ । मुल लगत तथा VERSP-MIS मा केही तथ्याङ्क फरक पेरेको तथा मुल लगतमा फोटो सहितको विस्तृत विवरण खुलाएको देखिएन । VERSP-MISमा कतिपय नामहरु दोहोरो प्रविष्टि भएको देखिएकालेVERSP-MISर मुल लगतलाई अध्यावधिक गरी पुर्ण रुपमा बैङ्ककिङ प्रणाली मार्फत वास्तविक लाभग्राहीलाई भुक्तानी हुने व्यवस्था मिलाउने तर्फ गाउँपालिकाले उचित पहल गर्नु पर्दछ । VERSP-MISमा दोहोरो नाम प्रविष्टि भएका केही उदाहरण निम्न छन ।

| वडा नं. | नाम | ना.प्र.नं. |
|---|---|---|
| ३ | नेपुर यादवनी | ५७८६०२९४ |
| ३ | पतासी देवी सहनी | ५७८६०२९४ |

४१. गाउँपालिकाले प्रथम चौमासिकमा वडा सचिव मार्फत ६ वटै वडाको प्रथम चौमासिकको विभिन्न सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जम्मा रु. १४५८१६००।०० भरपाईका आधारमा खर्च जनाएको देखिन्छ । दोस्रो र तेस्रो चौमासिकमा ६ वटै वडाहरुमा बैंक खाता मार्फत वितरण गर्दा क्रमश रु. १९७०३४००।०० र ९०७२४००।०० र बालपोषण वापत ७७१०००।०० खर्च जनाएको छ । वडा सचिव मार्फत वितरण हुँदा भन्दा बैंक मार्फत वितरण गर्दा सामाजिक सुरक्षा खर्च घटि देखिन्छ । सो सम्वन्धमा लेखापरीक्षणको क्रममा जानकारी लिदाँ लाभग्रही व्यक्तिहरुले बैंकमा खाता नखोलेको कारण भत्ता वितरण खर्च घट्न गएको वडा सचिवहरुको भनाई छ । यसरी बैंक मार्फत वितरण गर्दा र वडा सचिव तथा कर्मचारीबाट वितरण गर्दा चौमासिक खर्चहरु फरक पर्नुको कारण छानविन हुनु पर्दछ ।

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| प्रथम चौमासिक | २१८८८०० | १६४२००० | २२५७२०० | ३०२५६०० | २२३२४०० | ३२३५६०० | १४५८१६०० |
| दोस्रो चौमासिक | २१५४८०० | १६५०८०० | २१८२४०० | २५२०२०० | - | - | १९७०३४०० |

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| तेस्रो चौमासिक | १६७६००० | १५३७६०० | २३००४०० | ३५५८४०० | ४९३१२०० | ६२६४०० | ९०७२४०० |
| बाल पोषण बार्षिक | ४१४४०० | | ४५००० | | ३११६०० | | ७७१००० |
| **जम्मा** | ६४३४००० | ४८३०४०० | ६७८५०० | ९१०४२०० | ७४७५२०० | ९४९९६०० | ४४१२८४०० |
| फिर्ता | ३६८०० | १७८८०० | १५३४०० | | | | ३६९००० |
| कुल जम्मा | | | | | | | ४४४९७४०० |

४२. **वितरण नभई वाकी रहेको रकम :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ । गाउँपालिकाले दोस्रो र तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्न बैंकलाई रकम निकाशा दिएकोमा उक्त रकमलाई गाउँपालिकाले खर्च जनाएको छ । आर्थिक वर्षको अन्तिमसम्म वितरण नभई बैंक मौज्दात बाँकी रहेको रु. **५९७८०००** संचितकोष दाखिला हुनु पर्दछ । — बेरुजू रकम: ५९७८०००.००

| बैंकको नाम | वडा नं. | दोस्रो चौमासिक निकासा रु. | तेस्रो चौमासिक निकासा रु. | दोस्रो चौमासिक वितरण रु. | तेस्रो चौमासिक वितरण रु. | मौज्दात बाँकी रहेको रकम |
|---|---|---|---|---|---|---|
| माछापुच्छ्रे बैंक लि. | १ र २ | १५३२००० | १७७६००० | — | ३०२०००० | २८८००० |
| नेपाल क्रेडिट एण्ड कमर्स वैंक लि. | ३ | १९४८००० | २३००४०० | १६५९२०० | १५८२०० | १००७२०० |
| नेपाल क्रेडिट एण्ड कमर्स वैंक लि. | ४ | २३७२००० | ३५५८०० | १८४४०० | १९५६०० | २७३३६०० |
| नेपाल क्रेडिट एण्ड कमर्स वैंक लि. | ५ | - | ४९३१२०० | - | ३८००००० | ११३१२०० |
| एन आई सी एसिया बैंक लि. | ६ | - | ६२६४०० | - | ५५३४४० | ७२९६०० |
| सनराइज बैंक लि. | १ | - | ३८३६०० | - | २९५२०० | ८८४०० |
| **जम्मा** | | | | | | ५९७८००० |

४३. **अधुरो निर्माण कार्य :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनैपनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तया गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा खरिद सम्बन्धि सम्पूर्ण कामको एउटै लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सभाहल निर्माणको लागि ठेक्का नम्वर २/०७४/७५ लागत अनुमान रु. १९४८१०९।१७ तयार गरी प्रसान्त निर्माण सेवा सँग रु. १९३३२६२।३६ मा सम्झौता गरी रु. १९०५३२०।१७ रकम वरावरको निर्माण कार्य सम्पन्न गरेकोमा भवन निर्माण कार्यको गाह्रो भाग उठाई ढलान कार्य समेत नभई अधुरो रहेको देखियो । सभाहल निर्माण कार्यको लागि सम्पूर्ण कार्य सम्पन्न हुने गरी लागत अनुमान तयार गरी ठेक्का नगरेको कारणले भवन अधुरो रहेको देखिन्छ । भवनको सम्पूर्ण कार्य पूरा नहुँदा उद्देश्य अनुसारको उपलब्ध हुन सकेको छैन । उद्देश्य पुरा हुने गरी भवन निर्माण कार्यको लागत अनुमान तयार गरी ठेक्का गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

**लक्ष्मीपुर पतारी गाउँपालिकाको निर्माणाधिन भवन :**

<table>
<tr><th>.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>४४.</td><td>योजना कार्यान्वयनः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा योजना तथा कार्यक्रम सहितको वजेट पारित गर्नुपर्ने व्यवस्था छ । ५ नम्वर वडा विद्युतिकरणको लागि ११६ वटा विद्युत पोल लगायतका सामाग्री रु. २४३३८८१।६४ को सोनु ट्रेडर्स सप्लायर्सबाट खरिद भएकोमा जडान गर्ने कार्य नभएकोले सामान खरिद गर्ने कार्य मात्र भएको देखियो । खरिद गरिएका सामान जडान नहुँदा योजनाको उद्देश्य पूरा हुन सक्दैन । योजना तयार हुँदा योजनाको उद्देश्य पुरा हुने गरी योजना तयार गरी सोही अनुसार कार्यान्वयन हुनु पर्दछ र खरिद गरिएका विद्युत पोलहरु समयमा जडान हुनुपर्ने रु. ..........</td><td>२४३३८८१.६<br>४</td></tr>
<tr><td>४५.</td><td>भत्ता :- २ नं. प्रदेशले सेवा सुविधा सम्वन्धमा बनाएको कानून भन्दा बढी सुविधा दिन नमिल्ने व्यवस्था छ । निम्न भौचरबाट कर्मचारीहरुलाई थप सुविधा दिएको देखियो ।
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१२५/२०७६/०३/३१</td><td>जनप्रतिनिधिहरुको गाउँ सभा बसेको समयको प्रोत्साहन भत्ता  ३३ जना</td><td>३३६६००.००</td><td></td></tr>
<tr><td>१२५/२०७६/०३/३१</td><td>कर्मचारीहरुको प्रोत्साहन भत्ता</td><td>१८५३००.००</td><td></td></tr>
<tr><td>२२/२०७५/१०/२४</td><td>कर्मचारीहरुको प्रोत्साहन भत्ता</td><td>२६४०००.००</td><td>गत वर्षको भुक्तानी</td></tr>
<tr><td>३९/२०७६/०३/३१</td><td>कर्मचारीहरुको प्रोत्साहन भत्ता</td><td>४३३०००.००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२१८९००.००</td><td></td></tr>
</table>
गाउँसभाको निर्णयले गरेको कारणले कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिएको देखिन्छ । कानूनले दिन नमिल्ने रकम भुक्तानी हुँदा खर्च बढ्न गएको छ । कानूनले दिन नमिल्ने रकम रु......</td><td>१२१८९००.०<br>०</td></tr>
<tr><td>४६.</td><td>बढी भुक्तानी :-  गो.भौ.नं. १४८ मिति २०७६।३।२५ ठेक्का नं. ३।२०७५।७६ सडक माटो ग्राभेल तथा कल्भर्ट निर्माण कार्यका निर्माण व्यवसायी दुर्गा भगवती निर्माण सेवालाई अन्तिम भुक्तानी सम्म रु. ४७३८७६४।०० भुक्तानी खर्च लेखेकोमा विल अनुसार रु. ४७१८७६६।५९ देखिएकोले रु. १९९९७४१ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु........</td><td>१९९९७.४१</td></tr>
<tr><td>४७.</td><td>आर्थिक सहायता : स्थानिय तहमा वजेट तर्जुमा,कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण निर्देशिका २०७४ को बुदा ३.४ मा नेपाल  सरकारको अनुदानवाट प्राप्त रकम कुनै पनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाइने व्यवस्था छ । आर्थिक सहायता रु.५७००००।०० उद्धार राहत तथा पुनस्थापना लगायतका कार्यमा व्यक्तिलाई दिइएको राहत रकम नियमानुसार देखिएन । नियमले नमिल्ने आर्थिक सहायताको रकम वितरण हुँदा विकास निर्माणका कार्यहरुमा रकम कमि हुने देखिन्छ । नियमले वितरण गर्न नमिल्ने आर्थिक सहायता वितरण गरेको रकम नियमानुसार नदेखिएको रु........</td><td>५७००००.००</td></tr>
<tr><td>४८.</td><td>पेश्की बाँकीः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) र (६) मा खरिद सम्झौताको शर्त अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा सरकारी काम काजको लागि दिइएको पेश्की नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु</td><td></td></tr>
</table>

| . | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । नगरपालिकाले उपलव्ध गराएको बिबरण अनुसार निम्नानुसार फछ्र्यौट हुन बाँकी रहेको पेश्की रु ९३७२००.०० लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नगरी बाँकी राखेको पाइएकोले नियमानुसार असुल फछ्र्यौट हुनु पर्दछ । | ९३७२००.०० |

| सि.नं | मिति | पेश्की लिनेको नाम | पेश्की विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | २०७५/१०/२१ | रंजित कुमार साह (सूचना प्रविधि अधिकृत) | विविध कार्यक्रम | ४०००००.०० |
| २ | २०७५/११/१२ | रंजित कुमार साह (सूचना प्रविधि अधिकृत) | विविध कार्यक्रम | ५०००००.०० |
| ३ | २०७६/०३/२६ | निसा रावल | सामाजिक सुरक्षा | ३७२००.०० |
| जम्मा | | | | ९३७२००.०० |

| | | |
|---|---|---|
| ४९. | **सम्परीक्षणः-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ बमोजिम लेखापरीक्षणबाट औल्याएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । यस कार्यालयले वेरुजु लगत अध्यावधिक गरी सम्परीक्षणका लागि लेखापरीक्षणकको समयमा अनुरोध गरेको छैन । कार्यालयले आफ्नो जिम्मामा भएको वेरुजुको असुल फछ्र्यौट गराउने तर्फ उचित पहल गर्नु पर्दछ । | |
| ५०. | **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ३२३९०८५२.०० | ०.०० | ३२३९०८५२.०० |

| | | |
|---|---|---|
| ५१. | **अद्यावधिक बेरुजु स्थिति** : लक्ष्मीपुर पतारी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ । | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (c) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ३२३९०८५२.०० | ० | ३८६११३९९.८५ | ७१००२२५१.८५ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

# लक्ष्मीपुर पतारी गाउँपालिका

## अनुसूची-१

### बेरुजु वर्गीकरण

२०७५।७६

(रु.हजारमा)

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असूल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | मोविलाइजेशन | कर्मचारी | अन्य | जम्मा |
| ३८ | १२ | ३८६११ | - | - | - | ३८ | १२ | ३८६११ | ६१९८ | २८३९२ | ३०८४ | - | - | ३१४७६ | | ९३७ | - | ९३७ |

# लक्ष्मीपुर पतारीगाउँपालिका

## अनुसूची-२

## सञ्चित कोष विवरण

२०७५।७६

(रु.हजारमा)

| आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ६१२१७ | ९५८०५ | २४७१९४ | २४३९ | ३४५४३८ | २१२८१६ | ९३१६५ | ११४३७ | ३१७४१८ | ८९२३७ |

# लक्ष्मीपुर पतारीगाउँपालिका

## अनुसूची-३

## अध्यावधिक वेरुजु स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्मीपुर पतारी गाउँपालिका | सिरहा | ३२३९१ | ० | ३२३९१ | ०.०० | ३८६११ | ७१००२ |